नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

## जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकका
## प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालद्वारा पुनः जारी गरिएको आदेश

छिमेकी जिल्लाहरुमा कोभिड-१९ को संक्रमण बढ्दै गइरहेको र यस जिल्लामा पनि संक्रमण फैलने सम्भावनालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल थप सतर्कता अपनाउनुका साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाईका साथ पालना गर्ने गराउने सन्दर्भमा मिति २०७७/०५/०१ गते बिहान ५:०० बजे देखि मिति २०७७/०५/१७ गते राती १२ बजेसम्मका लागि सिन्धुपाल्चोक जिल्ला भित्र संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम निम्न गतिविधिहरु गर्न निषेध गर्ने गरी आदेश जारी गरिएकोमा पुनः सोही लकडाउन (निषेधाज्ञा) मिति २०७७/०५/२४ गते राती १२ बजेसम्म लागु हुनेगरी जारी गरिएको छ ।यो आदेशको अवज्ञा गरी कार्य गरे गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

१. उक्त अवधिमा जिल्ला प्रवेशविन्दुमा कुनै पनि व्यक्ति तथा सवारी साधन आवतजावतमा प्रवेश निषेध गर्ने । अतिआवश्यक कामको लागी प्रवेश गराउनु पर्ने भएमा सम्वन्धित पालिका/वडाको लिखितपत्र लिई सम्वन्धित वडाध्यक्षको जिम्मामा क्वारेन्टाइनमा राख्ने गरी प्रहरीले बुझाउने ।
२. अत्यावश्यकीय काममा बाहेक घर बाहिर निस्कन र हिंडडुल गर्न पाईने छैन ।
३. मालबाहक ढुवानीका साधन, दमकल, एम्वुलेन्स, शवबाहन, तरकारी, फलफूल तथा दुध ढुवानीका लागि प्रयोग भएका सवारी साधन, पशुपंक्षीको दाना बोक्ने सवारी साधन, इन्धन ढुवानीको लागि प्रयोग हुने ट्याङ्कर, निर्माण सामाग्री ढुवानी गर्ने साधन, सुरक्षाकर्मी तथा संचारकर्मीले प्रयोग गर्ने सवारी साधन र अत्यावश्यक कार्यका लागि प्रयोग हुने सवारी साधन बाहेक अन्य सबै प्रकारका निजी तथा सार्वजनिक सवारी साधन संचालन गर्ने पाईने छैन ।
४. आधारभूत खाद्य सामाग्री पसल, तरकारी पसल, दुध डेरी, पेट्रोल पम्प, ग्याँस डिपो, औषधि पसल र निर्माण सामाग्री पसलहरु बाहेक अन्य सम्पूर्ण पसलहरु संचालन गर्न पाईने छैन ।
५. सरकारी, गैरसरकारी कार्यालयहरुबाट अत्यावश्यक सेवा मात्र प्रदान गर्ने । वैंक तथा वित्तिय संस्थाहरु एवं सहकारीहरु दिनको ११ बजे देखि २ बजेसम्म मात्र संचालन गर्ने । जिल्लास्थित सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत कर्मचारीहरु विदामा काठमाडौं उपत्यका जाने आउने गर्दा संक्रमण फैलन सक्ने सम्भावना भएकोले सम्वन्धित कार्यालय प्रमुखले अत्यावश्यक कामका लागि चाहिने कर्मचारी हरु मात्र कार्यालयमा राख्ने व्यवस्था मिलाउने ।
६. <u>देहायको कार्य गर्न बाधा नपर्ने</u>

कुनै अड्डा, अदालतमा म्याद बुझ्न, तारेखमा हाजिर हुन पर्ने सेवाग्राहीहरुले सो सँग सम्वन्धित आवश्यक कागजात लिई नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी आवतजावत गर्न सकिने ।

प्रमुख जिल्ला अधिकारी

निवेदन/18

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

पत्र संख्या : प्र.०७७/७८

७. देहायका कार्यहरु संचालन गर्न पाईने छैन:

क. होटल तथा रेष्टुरेण्ट (तयार गरिएका खाद्य परिकार लैजाने सेवा मात्र सञ्चालन गर्न पाउने ।
ख. शैक्षिक संस्थाहरु (प्रशासनिक कार्यहरु संचालन हुने र भर्चुअल तथा अनलाईन लगायतका विधिबाट शिक्षण कार्य हुने)
ग. सवै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार
घ. सवै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन
ङ. सिनेमा हल, पार्टीप्यालेस, डान्सवार लगायतका मनोरञ्जनस्थल
च. सैलुन, व्युटीपार्लर तथा स्पा
छ. स्विमिङपुल, जिमखाना लगायत हेल्थक्लव
ज. समुहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति
झ. पुस्तकालय, संग्रहालय र चिडियाखाना

मितिः २०७७/०५/१७

उमेश कुमार ढकाल
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी